page_1kpr.qxd 11/27/2008 11:42 PM Page 1



पृष्ठ २ **हज यात्रा** मुस्लिम धर्मावलम्बी मक्कातर्फ

**प्यारो प्रकृति** अन्तर्राष्ट्रिय नाटक महोत्सव सकियो पृष्ठ १४




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

काठमाडौं, विराटनगर र भरतपुरबाट एकैसाथ प्रकाशित

वर्ष १६ अंक २७८ काठमाडौं | १३ मंसिर २०६५ शुक्रबार मार्ग शुक्लपक्ष प्रतिपदा | नेपाल संवत् ११२९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, November 28, 2008 | www.ekantipur.com | पृष्ठ ८+६+४ | ५ रुपैयाँ


# मुम्बईमा आतंकवादी आक्रमण


■ दिनेश वाग्ले

नयाँदिल्ली, १२ मंसिर- भारतको आर्थिक राजधानी मुम्बईमा बुधबार राति आतंककारी आक्रमणहरू हुँदा कम्तीमा एक सय २५ को ज्यान गएको छ । तीन सयभन्दा बढी घाइते भएका छन् ।

एके-४७ राइफल र विस्फोटक पदार्थ बोकेर पानीजहाजबाट आएका करिब २० वर्ष उमेरका आक्रमणकारीले सहरका केही ख्यातिप्राप्त स्थानहरूमा जथाभावी गोली चलाउँदै कम्तीमा दुईवटा सुविधासम्पन्न होटलमा पसी व्यक्तिहरूलाई बन्धक बनाएका थिए ।

आतंककारीले पश्चिमेली पर्यटकहरू बढी जाने दक्षिणी मुम्बईको कोलाबास्थित लियोपोल्ड क्याफेमा पसी राति साढे नौ बजे मेसिनगनबाट जथाभावी गोली चलाएका थिए । त्यहाँ केही विदेशीसहित ६ जनाको हत्या गरेपछि उनीहरू केही सय मिटर पर्तिरको प्रख्यात ताजमहल होटलतिर लागेका थिए । ताजको पौडी पोखरी वरिपरि उनीहरूले जथाभावी गोली चलाउँदै केहीको हत्या गरे । त्यहाँ आक्रमणकारी र मुम्बई प्रहरीबीच भिडन्त हुँदा ११ प्रहरीको मृत्यु भएको थियो । मृत्यु भएकामध्ये मुम्बईको प्रतिआतंकवाद टोलीका प्रमुख तथा आतंकवादविरोधी भारतीय प्रयासका नायक हेमन्त कारकारे पनि छन् । बिहीबार रातिसम्ममा मृत्यु भएकाको संख्या एक सय एक पुगेको छ ।

बाँकी पृष्ठ ९ ▸▸



मुम्बईको पाँचतारे ताज होटलमा आतंककारीले बुधबार राति गराएको विस्फोटबाट भएको आगलागी ।

*तस्बिर : एएफपी/रासस*

## नेपाली सकुशल

नयाँदिल्ली (कास)- मुम्बईको ताज होटलमा कार्यरत आक्रमणमा परेका एक नेपाली भाग्यवश बाँचेका छन् । स्याङ्जाको मालुङ्गा गाउँका पुरुषोत्तम बस्याल होटलमा चिनियाँ खाना पकाउने सेफ हुन् । १० बजे आतंककारीले होटलमा छिरेर ताण्डव मच्चाउन थाल्दा उनी खाना बनाइरहेका थिए ।

'अचानक ट्याङ् ट्याङ् ट्याङ् ट्याङ् गरेर आवाज आयो,' उनले मुम्बईस्थित आफ्नो घरबाट कान्तिपुरसँग फोनमा भने, 'यस्तो पाहुनाले होटल भरिएको बेला कसले टिन ठटाएको होलाजस्तो लाग्यो । एकैछिन मान्छेहरूले फायरिङ भएको बताए । त्यसपछि ग्याङ फाइट होला भन्ठानें ।'

नजिकैको बारमा पिइरहेकाहरू अत्तालिँदै भाग्न थालेपछि आतंककारी हमला भएको थाहा पाएका बस्याल भुइँतल्लाको भान्साका अन्य सेफसँगै दौडिँदै पहिलो तल्लाको मुख्य भान्सामा पुगेका थिए । त्यहाँबाट पनि उनीहरू भागेर बेसमेन्ट (जमिनमुनिको तल्ला) मा लुक्न पुगेका थिए ।

भिडन्तमा उनीसँगै काम गर्ने दुई सेफको मृत्यु भयो । अर्का सेफ भारतीय हेमन्त तालिम मरणासन्न भए । 'ऊ माथिल्लो तल्लामा थियो, गोली लागेछ, मोबाइलमा फोन गरेर मलाई बचाउन आओ भनेर गुहार माग्यो तर हामी जान सकेनौं,' बस्यालले हेमन्तको हारगुहारबारे भने, 'माथि गएका भए हामी पनि मर्ने थियौं । भगवान्ले बचाए ।'

गोलाबारीबीच बेसमेन्टमा लुकेका बस्याल निरन्तर पत्नीसँग फोन सम्पर्कमा थिए । उनले आफू कुशल रहेको र चिन्ता नगर्न पत्नीलाई भनेको कान्तिपुरलाई बताए । 'उनी टीभीमा समाचार हेरिरहेकी थिइन्, होटलको छतमा आगो लागेको टीभीले देखाइरहेका थिए,' बस्यालले भने, 'म पनि अत्तालिएँ । आगो लागेकाले मरिन्छ कि भन्ने भयो । तर राति तीन बजेतिर कमान्डोहरू आए । त्यसपछि उनीहरूले हामीलाई बाहिर निकाले ।'

निस्कनेबित्तिकै बस्याल हेमन्तलाई राखिएको जेजे होटलमा पुगेका थिए । हेमन्तको अवस्था गम्भीर भए पनि बच्ने भन्ने डाक्टरहरूबाट थाहा पाएपछि उनी होटलबाट पौने दुई घन्टा टाढाको घर पुगेका थिए ।

२० वर्षको हुँदा जागिर खोज्दै भारत लागेका ३६ वर्षे स्याङ्जालीले अबका केही वर्ष ताजमै काम गर्ने बताए । छोराछोरीको बिदा मिलाएर दुई(दुई वर्षमा नेपाल जाने गरेको उनले बताए ।

ताजमा गुल्मीका अन्य चार नेपाली पनि काम गर्छन् । उनीहरू भने आक्रमणका बेला त्यहाँ थिएनन् । आक्रमणमा परेको अर्को होटल ट्राइडेन्ट ओवरोयमा पनि दुई नेपाली काम गर्छन् । उनीहरू पनि आक्रमणका बेला त्यहाँ नभएको नेपाली जनसम्पर्क समितिसँग आबद्ध शालिग्राम तिवारीले बताए ।

● १२५ भन्दा बढीको मृत्यु ● आक्रमणकारी–सुरक्षाकर्मी भिडन्त
● कम्तीमा तीन सय घाइते ● डेकन मुजाहिद्दीनद्वारा जिम्मेवारी दाबी

**नेपालद्वारा निन्दा** पृष्ठ ३

## 'आफ्नै मोडलको संघीयता हुनुपर्छ'



काठमाडौं, १२ मंसिर (कास)- कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले संघीयताको आफ्नै मोडल हुनुपर्ने बताएका छन् । संविधान लेखन सुरु हुनै लागेका बेला कोइरालाले अरू देशको जस्तो नभएर नेपालको संघीय प्रणाली मौलिक हुनुपर्ने बताएका हुन् ।

नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसनले आयोजना गरेको अन्तर्क्रिया उद्घाटन गर्दै उनले संघीय ढाँचा अरूको नक्कल गरी बनाउन नहुने धारणा राखे । 'कोही स्वीट्जरल्यान्ड, कोही दक्षिण अफ्रिका भन्छन् । तर म भन्छु हाम्रो आफ्नै मोडल हुनुपर्छ,' उनले भने, 'अरूको नक्कल गरेर, पुच्छर बनेर काम हुँदैन । त्यसले हाम्रो मुलुक र समाजलाई सही दिशा दिन सक्दैन ।'

आफूले भारतीय नेताहरूसँगको भेटमा त्यहाँका संघीय राज्यहरूमा रहेका अप्ठ्याराबारे जिज्ञासा राखेको पनि उनले जानकारी दिए । 'मैले उहाँहरूसँग क्षेत्रीय दलहरू प्रभावशाली बन्दै गएकोबारे सोधेको थिएँ, उनीहरूले स्वीकार्दै यसमा अध्ययन भइरहेको बताए' उनले भने, 'सबै संघीयताका कमजोरी हुन्छन्, त्यसैले आफ्नै खालको हुनुपर्छ ।' संघीयता कस्तो हुने भन्ने सम्बन्धमा गम्भीर भएर लाग्नुपर्नेमा कोइरालाको जोड थियो ।

उनले संविधान लेखन कार्यमा राज्यको संरचना बनाउने विषय सबैभन्दा जटिल भएको पनि जनाए । संघीय शासनमा हिमालदेखि तराईसम्मका सबै जनतालाई भावनात्मक सम्बन्ध गाँस्न आफूले चाहेको उनले बताए । साथै भौगोलिक तथा अन्य सबै विषयहरूलाई ध्यानमा राखेर संघको खाका कोरिनुपर्ने कोइरालाको भनाइ थियो ।

'शान्तिका लागि सहमति, सहकार्य र एकताको सिद्धान्तलाई अघि बढाएको थिएँ' उनले भने, 'यसैआधारमा सारा संसारले हामीलाई सहयोग गरेका हुन्, तर माओवादीले यसलाई तोडेको छ ।' उनले माओवादी यी तीन सिद्धान्तभन्दा विपरीत दिशातिर अग्रसर भएको दोहोर्‍याए ।

## छोटकरी

### बस दुर्घटनामा आठको मृत्यु

दमक (कास)- झापाको लखनपुरमा बिहीबार राति ट्रक र मिनिबस दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको छ । ३० जना घाइते छन् ।

दुर्घटनामा दमकका जीवन राई, उनकी श्रीमती र छोरा, दमककै पूर्ण थापा र कृष्णबहादुर बडुको मृत्यु भएको छ । बाँकीको सनाखत भइनसकेको सशस्त्र प्रहरी पाथीभराका एसपी बालकुमार श्रेष्ठले जनाए । उच्च गतिका कारण दुर्घटना भएको अनुमान छ ।

घाइतेको दमकस्थित आम्दा र लाइफलाइन अस्पतालमा उपचार भइरहेको छ ।

### बेलायती सेना प्रमुख आउने

काठमाडौं (कास)- बेलायती सैनिक प्रमुख जनरल सर रिचार्ड डन्नट चारदिने भ्रमणका लागि शुक्रबार आउँदै छन् । सैनिक प्रवक्ता रमिन्द्र क्षेत्रीले प्रधानसेनापति रुक्माङ्गद कटवालको निमन्त्रणामा डन्नट सद्भावना भ्रमण आउन लागेको बताए ।

बेलायती सेना नेपाली सेनाको प्रमुख सहयोगीमध्ये हो । विभिन्न तालिम तथा बन्दोबस्तीमा बेलायती सरकार र सेनाले सहयोग गर्दै आएका छन् । 'प्रमुख नियुक्त भएपछि सद्भावना भ्रमण हुन लागेको हो,' उनले भने । बेलायती दूतावासका अनुसार डन्नटले गोर्खा भर्ती प्रक्रिया र त्यससम्बन्धी सहयोगी गतिविधि अवलोकन गर्नेछन् । उनले राष्ट्रपति, प्रधानमन्त्री, रक्षामन्त्रीसँग भेट्नेछन् । त्यसैगरी सैनिक जंगी अड्डामा प्रधानसेनापति रुक्माङ्गद कटवालसँग भेटवार्ता गर्ने कार्यक्रम छ ।

### भारतीय पूर्व प्रधानमन्त्रीको निधन

नयाँदिल्ली (एजेन्सी)- भारतका पूर्वप्रधानमन्त्री बीपी सिंहको ७७ वर्षको उमेरमा बिहीबार निधन भएको छ । भूपू प्रधानमन्त्री राजीव गान्धीको हत्यापछि सन् १९८९ मा गठित गैरकंग्रेस गठबन्धन सरकारको नेतृत्व उनले गरेका थिए ।

विस्तृत पृष्ठ १० मा

### चिनियाँ विदेशमन्त्री म्यान्मा पनि जाने

बेइजिङ (सिन्ह्वा)- चिनियाँ विदेशमन्त्री याङ जेइचीले आगामी साता नेपाल हुँदै म्यान्माको समेत भ्रमण गर्ने भएका छन् । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताका अनुसार मंगलबार नेपाल पुग्ने उनको भ्रमण शुक्रबारसम्म हुनेछ । त्यस क्रममा उनले दुवै देशका राष्ट्र एवं सरकारप्रमुखलगायत राजनीतिक नेतालाई भेट्नेछन् ।

### नगरकोटका सबै होटल खुले

भक्तपुर (कास)- प्रधानमन्त्रीस्तरमा छलफलपछि नगरकोटका होटल बिहीबार अपराह्नबाट खुलेका छन् । सरकारद्वारा न्यूनतम तलबमा थपिएको रकम सबैले पाउनुपर्ने माग राखी बुधबारबाट ३६ होटल बन्द गराएका थिए । नगरकोटका सबैभन्दा ठूलो क्लब हिमालय होटल सोमबारदेखि बन्द गरेका थिए ।

विस्तृत पृष्ठ ११ मा

## गजब छ बा !! शारब




के गर्ने ? रिक्त पदका लागि मन्त्रीज्यूले अझै योग्य नातेदार वा कार्यकर्ता भेट्टाउनै भा'छैन !

# दुई किशोरको हत्या कसले र किन, रहस्यमै



अशिष–रितेश हत्याको विरोधमा उनीहरूका तस्बिरसहितका प्लेकार्ड लिई आफन्त र स्थानीयवासीले बिहीबार कालीमाटी चोकमा गरेको प्रदर्शन ।

*तस्बिर : शालिग्राम तिवारी/कान्तिपुर*

■ जितेन्द्र साह

काठमाडौं, १२ मंसिर- दुवै अति मिल्ने साथी थिए । आपसमा कहिल्यै छुट्टिँदैनथे । जतिखेर पनि एक-अर्काको घरमै हुन्थे । त्यही भएर परिवारजनले उनीहरूलाई खोज्न कहीं जानु पर्दैनथ्यो ।

थानकोट गुमालचौकीस्थित जंगलमा बुधबार बिहान मृत फेला परेका १५ वर्षीय रितेश रौनियार र १५ वर्षीय अशिष मानन्धरका आफन्तसँग अब यस्तै सम्झनामात्र बाँकी छ । 'रितेश र अशिष अलग-अलग विद्यालयमा पढे पनि मिल्ने साथी थिए,' अशिषका काका सविन मानन्धर भन्छन्, 'कि रितेशको कोठामा अशिष हुन्थ्यो, कि अशिषको कोठामा रितेश ।'

अशिष भुरुङखेलको न्यू जेनिथ स्कुलमा र रितेश बाफलस्थित विल्सन एकेडेमीमा कक्षा ९ मा पढ्थे । आफन्तका अनुसार रितेशको बिग्रेको मोबाइल बनाउन छाउनी जाने भनेर कात्तिक ३० गते दिउँसो ३ बजे दुवैजना घरबाट निस्केका थिए । उनीहरू जहाँ गए पनि साँझ ८ बजेसम्ममा फर्कन्थे वा फोन गर्थे । तर त्यस दिन घरबाट निस्केको दुई घन्टापछि नै दुवैको मोबाइल 'स्वीच अफ' भएको आफन्तजनले बताए ।

'अबेर रातिसम्म नफर्केपछि प्रहरीमा त्यही दिन मौखिक र भोलिपल्ट लिखित जाहेरी दियौं,' अशिषका काका सविनले भने, 'प्रहरीले त्यति वास्ता गरेन, भेटेको बेला उल्टै केही पत्ता लाग्यो कि भनेर हामीलाई सोध्ने गर्‍यो ।'

घटनापछि अशिषका पिता श्रीप्रसाद र आमा अनीता घरिघरि मूर्छा पर्छन् । दुई छोरामध्ये अशिष जेठा थिए । नौ जनाको सगोल परिवारमा बस्ने मानन्धर परिवारको कालिमाटीमा भाँडाकुँडा पसल छ । उनीहरूले आफ्नो कसैसँग व्यक्तिगत वा व्यावसायिक रिसइबी नभएको बताए ।

थानकोट डाँडाको जंगलमा 'एक केटा र एक केटीको शव फेला परेको' भन्दै प्रहरीले बुधबार दिउँसो करिब एक बजे मानन्धर र रौनियार परिवारलाई खबर गरेको थियो । 'ती शवहरू रितेश र अशिषका थिए,' सविनले भने, 'घाँस काट्न गएका स्थानीय बासिन्दाले मंगलबार राति गाउँमा भनेपछि थाहा पाएर बिहान प्रहरी त्यहाँ गएको रहेछ ।'

घटनापछि मानन्धरकै छिमेकी रितेशका पिता विनोद, आमा, दाइ, दिदी, बज्यै र फुपू होसमा छैनन् । विनोदका दुई छोरा र एक छोरीमा रितेश कान्छा थिए । 'कोहीसँग हाम्रो दुश्मनी थिएन, रकमका लागि अपहरण गरिएको थियो भने फोन आउनुपर्थ्यो,' मखनमा थान्का व्यवसाय गर्ने रौनियार परिवारका एक सदस्यले बताए ।

रितेश र अशिष पढ्ने विद्यालयका शिक्षक पनि घटनाबाट आश्चर्यमा छन् । उनीहरूले शोकमा बिहीबार विद्यालयमात्र बन्द गरेनन्, निष्पक्ष छानबिन माग गर्दै काठमाडौं प्रहरी कार्यालयमा अपिल दिए ।

रितेश अध्ययनरत विल्सन एकेडेमीका प्रिन्सिपल प्याट्रिक विल्सन खबर सुनेदेखि स्तब्ध छन् । उनका अनुसार कक्षा ९ का १३ विद्यार्थीमध्ये रितेश अध्ययनमा मध्यम खालको र अन्तर्मुखी स्वभावका थिए । 'कोहीसँग झगडा गर्ने खालका थिएनन्, कहिल्यै कुनै अस्वाभाविक व्यवहार गरेनन्,' शिक्षक एमके शर्माले भने ।

अशिषको हत्याबाट भुरुङखेलस्थित न्यू जेनिथ स्कुलका शिक्षक र विद्यार्थी आक्रोशित छन् । उनीहरूले घटनाको चाँडै निष्पक्ष छानबिन हुनुपर्ने, दोषीलाई सार्वजनिक गरिनुपर्ने माग गरेका छन् । 'अशिष शान्त र रमाइलो स्वाभावका थिए,' शिक्षक विकास पौडेलले भने, 'उनमा अहम् थिएन, यसैकारण कोहीसँग झगडा पर्दैनथ्यो ।' तैपनि दुई किशोर रहस्यमय हत्याको सिकार भए, जसको कारण हालसम्म पत्ता लागेको छैन ।